दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २३४ | बुटवल | २०८१ भदौ ०४, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Aug.20, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं।
हाम्रा सांस्कृतिक पर्वहरुको जगेना गरौं।
मद्यपान र जुवातासजस्ता
विकृतिको अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



**येनबद्धो बलिराजा दानवेन्द्रो महाबल, तेनत्वं प्रतिवध्नामी रक्षेमा चलमा चल।**
पाल्पाको मन्दिरमा जनै फेर्न र डोरो बाँध्न पुगेका हिन्दू धर्मावलम्बीहरू। *तस्विरः कृष्ण पोखरेल।*

# मुख्यमन्त्री आचार्यले विश्वासको मत लिँदै



**दशरथ घिमिरे**
*दाङ*

साउन ७ गते लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका एमाले संसदीय दलनेता चेतनारायण आचार्यले मंगलबार बस्ने प्रदेशसभाको बैठकमा विश्वासको मत लिँदैछन्।

चौथो अधिवेशनको २५औँ बैठकमा मुख्यमन्त्री आचार्यले विश्वासको मत लिन थालेका हुन्। कांग्रेसका २७ र एमालेका २९ गरी ५६ प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका आचार्यले मंगलबार ढुक्कले विश्वासको मत पाउने भएका छन्। उनलाई साना राजनीतिक दलले समेत विश्वासको मत दिने छन्। 'प्रदेशसभामा रहेका बढीभन्दा बढी राजनीतिक दल र सांसदको समर्थन जुटाउनेगरी तयारी छ,' एमाले प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले भने-'दुई ठूला राजनीतिक दलको बिचमा सहकार्य हुँदा विश्वासको मतको लागि धेरै कसरत नै गर्नु नपर्ने अवस्था छ।' लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलाई विश्वासको मत दिन सत्तारूढ दल कांग्रेस, एमालेसहित साना दलले ह्वीप जारी गरेका छन्। मुख्यमन्त्री आचार्यलाई विश्वासको मत दिन कांग्रेस-एमालेसहित साना दलको ह्वीप लगाएका हुन्। एमालेले विश्वासको मत दिन सांसदहरूलाई ह्वीप लगाएको प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले जानकारी दिए।

यस्तै कांग्रेस दल नेता एवं पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले पनि विश्वासको मतको पक्षमा मतदान गर्न उपस्थित हुन सबै सांसदलाई ह्वीप लगाएका छन्। सरकारलाई समर्थन गरेका जनमत पार्टीका दलनेता चन्द्रकेश गुप्ता, लोकतान्त्रिक समाजवादी पार्टीका दलनेता सन्तोषकुमार पाण्डेयले मुख्यमन्त्री आचार्यलाई विश्वासको मत दिने र सांसदलाई ह्वीप जारी गरेको जानकारी दिए। प्रदेशसभामा सहभागी १२ वटा राजनीतिक दलमध्ये साना राजनीतिक दलले समेत मुख्यमन्त्री आचार्यलाई विश्वासको मत दिने योजना बनाएका छन्। सरकारलाई जसपा २, जसपा नेपाल १ र नागरिक उन्मुक्ति पार्टीका ४ सांसदले समर्थन गरेका छन्।

लुम्बिनी प्रदेशसभामा विपक्षमा माओवादी १०, राप्रपा ४, नेकपा एस, राजमो र स्वतन्त्र १/१ गरी १७ सदस्य रहेका छन्। विपक्षमा रहेकाहरूको समेत मत लिनेगरी सत्तासाझेदार दलभित्र तयारी छ। ८७ सांसद रहेको लुम्बिनी प्रदेशभामा आवश्यक बहुमतको लागि ४४ सांसद संख्या चाहिन्छ। मुख्यमन्त्रीमा नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिने व्यवस्थाअनुसार मंगलबार दिउँसो १ बजे लुम्बिनी प्रदेशसभामा आचार्यले विश्वासको मत लिने कार्यसूची रहेको प्रदेशसभा सचिव दुर्लभकुमार पुन मगरले जानकारी दिए। सभामुख तुलाराम घर्तीमगरले बैठक समेत आह्वान गरिसकेका छन्।

एमाले दलका उपनेता भएको बेला आचार्य मुख्यमन्त्री बनेका थिए। दलनेता लिला गिरीले साउन ७ गते नै राजीनामा बुझाएका थिए। मुख्यमन्त्रीको सम्पर्क कार्यालय बुटवलमा एमाले पोलिटब्युरो सदस्य एवं लुम्बिनी प्रदेश इन्चार्ज पद्मा अर्यालसहितको एमाले संसदीय दलको बैठकमा गिरीले राजीनामा दिएको रिक्त दल नेतामा आचार्यलाई सर्वसम्मत रूपमा चयन गरिएको थियो।

» *बाँकी ३ पेजमा*

## चुनढुंगाको उत्खनन् अनुमतिमा बद्मासी
# एकजना पक्राउ, तीन जनालाई पक्राउ पुर्जी

**लक्ष्मण घिमिरे**
*अर्घाखाँची*

भूमिकास्थानमा रहेको चुनढुंगाको उत्खनन् अनुमति-पत्र नक्कली प्रकरणमा एक जना पक्राउ परेका छन्।

भूमिकास्थान नगरपालिका वडा नम्बर ९, पातलेखोलामा रहेको चुनढुंगा उत्खनन्को अनुमति-पत्र नक्कली रहेको भन्दै नगरपालिकाका प्रमुख झविलाल थापाले प्रहरीमा उजुरी दिएपछि छानबिन गर्न प्रहरीले कम्पनीका प्रतिनिधि नवाफ अलीलाई पक्राउ गरेको हो। प्रकरणमा थप अनुसन्धान गर्न भन्दै तीन जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। पक्राउ परेका अलीले बयानका क्रममा आफूलाई नगरको अनुमतिसहितको पत्र दिएको बताएपछि तीन जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको हो। राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष थम्मन केसी, भूमिकास्थान नगरपालिकाका वडा नम्बर ४ का वडाध्यक्ष बाबुराम पन्थी सुनार र जागृत केसीका नाममा पक्राउ पुर्जी जारी भएको श्रोतले जनाएको छ। उनीहरू अहिले सम्पर्कविहीन छन्।




जिल्लाका हाइप्रोफाइलको नाम जोडिएपछि यो प्रकरणले चर्चा पाएको छ। कपिलवस्तुको कृष्णनगरमा रहेको विजया सिमेन्ट्स प्रालिले २०८० फागुन १४ गते खानी तथा भूगर्भ विभागबाट चुनढुङ्गा उत्खनन्को अनुमति-पत्र पाएको थियो। गत २०८० मंसिर ५ गते नगरपालिकाले खानी तथा भूगर्भ विभागलाई स्वीकृतीसहितको आशय पत्र पठाएको देखिन्छ। तर, नगरप्रमुखले यसलाई किर्ते भन्दै आएका छन्।

आफूले कुनै प्रकारको पत्र नदिएको र कागजपत्र नक्कली रहेको उजुरी दिएपछि प्रहरीले छानबिन थालेको हो।

» *बाँकी ३ पेजमा*

## टिप्पणी
# चुनौतीका चाङमाथि दाहाल

### ३५ वर्षदेखि माओवादीको नेतृत्व गर्दै आएका दाहालका सामु चुनौतीका चाङ छन्। ती चुनौतीका चाङले विस्तारै उनी थिचिँदै जाने जोखिम बढिरहेको छ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

माओवादी केन्द्रको स्थायी कमिटी बैठकमा नेता जनार्दन शर्माले अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वप्रति प्रश्न उठाए। उनले भने-'लामो समयदेखि अध्यक्ष कमरेड प्रचण्डले पार्टीलाई नेतृत्व गर्दै आउनु भएको छ, अब नेतृत्व हस्तान्तरणको खाका ल्याउनुहोस्, राजकीय सत्ताको नेतृत्व तपाईं नै गर्नुस्।'

पूर्व सभामुख समेत रहेकी नेतृ ओनसती घर्तीले समेत शर्मालाई साथ दिइन्। घर्ती अध्यक्ष दाहालका विश्वासपात्र वर्षमान पुनकी श्रीमती भएकाले पनि अध्यक्षप्रति उनको टिप्पणीलाई अर्थपूर्ण रूपमा लिइएको छ।

कुनैबेला दाहालका विश्वासपात्र थिए, जर्नादन शर्मा। पछिल्लो समय दाहाल र शर्माबिचको सम्बन्धमा चिसो बढ्दै गएको छ। पछिल्लो स्थायी कमिटी बैठकपछि त्यो चिसोपना सबैले बुझ्नेगरी सार्वजनिक भयो। शर्माको मात्रै होइन्, अर्का विश्वासपात्र पुन पनि दाहालको भूमिकाप्रति सन्तुष्ट हुन सकिरहेका छैनन्।

माओवादी पार्टीलाई पहिलेदेखि नियालिरहेका जानकारहरूका अनुसार जब दाहालले नेत्रविक्रम चन्दलाई पार्टीमा भित्र्याउने गरी योजना बनाए, दाहालका सहयोगी दोस्रो पुस्ताका नेताहरू झस्किएका छन्। शर्मा र पुनको विवाद देखाएर देव गुरूङलाई महासचिव बनाएपछि दाहालप्रति सहयोगीहरूको सशंय बढ्दो छ। केही महिनाअघि पुन र शर्माबीच पटक-पटक पारिवारिक ढंगले बैठकहरू भए। अन्ततः पुनलाई साथ लिएर दाहालले शर्मालाई किनारामा धकेले।

**आन्तरिक चुनौती बढेपछि पार्टी एकताको तुरूप**

स्थायी समिति बैठकमा बढ्दो तनाव झेलेका दाहाल एमालेबाट विभाजन भएको नेकपा एकिकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपालको घर गएर एकताको प्रस्ताव राखे। एमालेसँग मिलेर सरकार बनाउँदा उनै दाहालले एकिकृत समाजवादीलाई किनारामा धकेलेका थिए। दाहालले नेपालसँगको भेटमा भने-'चुनाव चिन्ह कलम नै राख्न सक्ने, पार्टीले सरकारको नेतृत्व गर्न पाए नेपाललाई प्रधानमन्त्रीको रूपमा अघि बढाउन सकिन्छ।'

एमालेसँग तत्काल एकताको संभावना टरेपछि नेपाल पनि माओवादीसँगै मिलेर जाने मुडमा छन्, तर उनको पार्टीका दोस्रो पुस्ताका नेताहरू माओवादीसँग मिलेर छिट्टै जान नहुने बताइरहेका छन्। एकिकृत समाजवादीका महासचिव घनश्याम भुसालले प्रधानमन्त्रीको लोभमा पार्टी नफस्ने बताइसकेका छन्। आन्तरिक विवादलाई विषयान्तर गर्न दाहालले चालेको कदमले तत्काल कुनै नतिजा दिने देखिंदैन।

दाहाल चाहन्छन्, विप्लव र बाबुराम भट्टराईबाट अलग भएका महेन्द्र रायको पार्टीलाई माओवादीलाई मिसाउने। सत्ताबाट बाहिरिए लगत्तै पार्टीमा आफ्नोविरुद्ध नेताहरू खुल्न थालेपछि उनले आगामी दिनमा मोर्चाबन्दीको जोखिम देखेका छन्। त्यही मोर्चाबन्दीबाट मुक्त हुन उनले एकिकृत समाजवादी, विप्लव र महेन्द्रको पार्टीलाई माओवादीमा मिसाउन चाहन्छन्। ३५ वर्षदेखि माओवादीलाई नेतृत्व गर्दै आएका दाहाल आफ्नाविरुद्ध अन्तरविरोध चर्केको अवस्थामा झन ठूलो अन्तरविरोध चर्काएर विरोध गर्नेहरूलाई ठेगान लगाउँदै आएका छन्।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# देवदहमा बढ्दो प्रदूषणको जोखिम

देवदह बौद्ध पर्यटकीय स्थल हो । देवदहमा आधा दर्जन पुरातात्विक संरचना भेटिएका ठाउँ छन् । ती स्थलमा भेटिएका पुरातात्विक वस्तु र भग्नावशेषले आगामी दिनमा पर्यटन प्रवर्द्धनको प्रचुर संभावना देखिन्छ । बुद्ध मावली देवदहलाई पर्यटकीय ढंगले विकास गर्ने गरी केही काम भएका छन्, तर पछिल्ला वर्ष देवदहमा बढ्दो प्रदूषणले संभावित पर्यटन प्रवर्द्धनमा असर गरेको छ ।

नगरपालिकाले फोहरमैला व्यवस्थापन गर्न नसकिरहेका बेला वायु प्रदूषण बढ्दो छ । देवदहको सिमाना नवलपरासीमा स्थापना भएको पाल्पा सिमेन्ट उद्योगलगायत केही उद्योगले प्रदूषण बढाएका छन् । देवदह नगरपालिकाले गरेको वातावरणीय प्रदूषण निगरानीको प्रतिवेदनअनुसार, मापदण्डभन्दा बढी प्रदूषण भएको देखिएको छ । हावामा धुलोको मात्रा अत्याधिक रहेको अध्ययन प्रतिवेदनले औंल्याएको छ। प्रतिवेदनमा पार्टीकलर म्याटर २.५ मा ४० हुनुपर्नेमा ५३ रहेको छ । पार्टीकलर म्याटर १० मा १ सय २० हुनुपर्नेमा १ सय २६ रहेको उल्लेख छ । अत्याधिक धुलो हावामा रहेकाले एलर्जी र स्वासप्रश्वासमा समस्या देखिन सक्ने भएकाले अनिवार्य माक्स प्रयोग गर्नुपर्ने उल्लेख गरिएको छ । हावामा अत्याधिक धुँलो फैलिँदा त्यसले फोक्सोको क्यान्सरको जोखिम निम्त्याउने भएकाले बेलैमा सावधानी अपनाउन आवश्यक छ ।

देवदह नगरपालिकाले नगरको प्रदूषणको अवस्था अध्ययन गरेर सकारात्मक काम गरेको छ । अब अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न प्राथमिकता हुनुपर्छ । उद्योगहरु चल्नुपर्छ तर न्यूनतम मापदण्ड पालना गर्न समेत उद्योगले ध्यान दिएका छैनन् । सिमेन्ट उद्योगले प्रदूषण नियन्त्रणका लागि तोकेको मापदण्ड पालना नगरेको यसअघि नै सार्वजनिक भएको छ । साँस्कृतिक सम्पदालाई प्रदूषण मुक्त बनाउने अभियान नचलाउने हो भने हाम्रा साँस्कृतिक धरोहर विनाश हुँदै जाने जोखिम छ । लुम्बिनीमा पनि बढ्दो प्रदूषणले पुरातात्विक वस्तु र संरचना जोखिम बढ्दै गएको यस अघिको अध्ययनले औंल्याएको छ ।

देवदहलाई प्रदूषणमुक्त बनाउन फोहरमैला व्यवस्थापनको मोडल तयार गरी कार्ययोजना बनाएर काम गर्न पालिका नेतृत्वले ढिलाइ गर्न हुन्न । अर्कोतिर बढ्दो वायु प्रदूषणलाई न्यूनीकरण गर्न सिमेन्टलगायत उद्योगलाई प्रदूषण मापदण्डको पालनाका लागि आग्रह गर्नुपर्छ । त्यो आग्रह नमाने कानुनी कारबाहीको दायरामा ल्याउनु नै उत्तम विकल्प हो ।

# नेपालमा जलवायु संकटको चुनौती र आगामी बाटो



**डा. रोशन शेरचन**



विज्ञान र आधुनिक प्रविधिसँगै भित्रिएको भौतिक विकासले मानिसलाई सुविधाभोगी बनाउनु अनौठो होइन । यसको प्रभावस्वरूप परम्परागत जीवन पद्धतिमा परिवर्तन भएर स्थानीय तथा आदिवासी समुदायको वनजंगलप्रतिको निर्भरता घट्न थालेको छ। केही दशक पहिलेसम्म घाँस, दाउरा, पत्कर र स्याउलामा स्थानीयको निर्भरता व्यापक थियो। ग्रामीण सडकसँगै ग्यास आयो, दाउरा चाहिएन। वस्तुभाउलाई दाना खुवाउन थालियो, चराउन जंगल लैजानुपरेन। जंगल फस्टाउँदै गए, झाडी बढेर वन्यजन्तुको वासस्थानमा परिणत भए।

अर्कातर्फ, जलवायु परिवर्तन र वातावरणलाई ध्यानमा नराखी गरिएका पूर्वाधार विकाससम्बद्ध गतिविधि विशेषगरी 'डोजरे सडक'ले पानीको मूल सुक्ने, भूक्षय निम्त्याउने र वन्यजन्तुको वासस्थानलाई खण्डित गर्नेलगायत नकारात्मक असर परेका छन्। फलस्वरूप कृषिमा सिँचाइ अभाव, खडेरी लाग्ने, मिचाहा झार मौलाउने, रोगव्याधि बढ्ने समस्या बढेको देखिन्छ। यस्ता समस्यामाझ सरकारले रोजगारीको अवसर सिर्जना गर्न नसक्दा लाखौं युवा गाउँबाट शहर र सहरबाट विदेश गइराखेका छन्।

**मानव–वन्यजन्तु द्वन्द्व** : गाउँ र वनजंगलमा हरियाली बढेसँगै मानव र वन्यजन्तुबीचको द्वन्द्व पनि बढ्दो छ। खेतीपाती घट्दै र झाडी बढ्दै गयो। विगतमा घर र वनबीचको खेतबारीले बफर जोन (मध्यवर्ती क्षेत्र) को काम गरेको हुन्थ्यो। बाँझो पल्टिएको खेतमा जंगल पलाएकाले मानव-वन्यजन्तु द्वन्द्व बढेको छ।

वन्यजन्तु एक स्थानबाट अर्को स्थानमा हिँडडुल गर्ने वा विचरण गर्ने चार कारण छन्- सेल्टर, आहारा, पानी र प्रजनन। यी आवश्यकताका निम्ति नयाँ-नयाँ ठाउँको खोजी गर्ने क्रममा वन्यजन्तु विचरण गर्छन्। तर, अव्यवस्थित भौतिक पूर्वाधार, जस्तै- सडकले वासस्थान खण्डित गरिदिएकाले, जैविक मार्गमा सहरीकरण भएकाले वा वन अतिक्रमणले अलमलमा परेर वन्यजन्तु बस्तीतिर छिर्ने क्रम बढेको छ। वन्यजन्तु साना हुँदा हिँडेको ऐतिहासिक जैविक मार्गमै हिँड्न चाहन्छन् । तर, मान्छेको जनसंख्या र वन्यजन्तुको संख्या बढेकाले र जलवायु परिवर्तनका कारण वासस्थानमा नकारात्मक प्रभाव परेकाले मानव र वन्यजन्तुबीच स्पेसको प्रतिस्पर्धा बढेको छ। जैविक मार्गमा राजमार्ग बनेकाले तीव्र गतिका वाहनसँग ठोक्किएर वन्यजन्तुको मृत्यु हुने र वाहनका चालक तथा यात्रु घाइते भएका अनेकौं घटना छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सन् २०२२ को तथ्यांकअनुसार आर्थिक वर्ष ०२१/०२२ मा तराईका केही राष्ट्रिय निकुञ्ज र त्यससँग जोडिएका क्षेत्रमा ४५८ वन्यजन्तुको मृत्यु भएको थियो। तीमध्ये करिब २४ प्रतिशतले वाहनसँग ठोक्किएकै कारण ज्यान गुमाएका थिए। मानव-वन्यजन्तुबीचको नकारात्मक अन्तरक्रियाका कारण बालीनालीमा क्षति, मान्छेको मृत्यु तथा गम्भीर घाइते र चौपाया वस्तुभाउमाथि आक्रमण बढेको छ।

**अनियन्त्रित डढेलो** : पछिल्लो समय डढेलो भयावह हुँदै गएको छ। यसका पछाडि मानवजन्य गतिविधि र जलवायु परिवर्तन दुवै कारक तत्व हुन्। प्रकृतिप्रतिको मानिसको निर्भरता घट्दै गएकाले वनजंगलमा पातपत्कर थुप्रिएको छ। वनमा घरपालुवा जनावर चराउने प्रचलन घटेकाले घाँसेमैदान, झाडी र काँडेदार झ्याङ बढेको छ। कतिपय वनमा पत्कर वर्षौंसम्म संकलन गरिएको छैन। तापक्रमको वृद्धिले विशेषतः हिउँदमा वन डढेलोको जोखिम ठूलो छ। विश्वव्यापी रूपमै डढेलोका घटना बढेको हामी पाउँछौं। नेपालका डढेलो प्राकृतिक रूपमा भन्दा पनि मानवजन्य कारणले लाग्ने भएकाले यस न्यूनीकरणमा डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समूह, सुरक्षा निकाय र नागरिक समूहको अत्यन्त ठूलो भूमिका हुन्छ।

पर्याप्त तालिम प्राप्त अग्नि नियन्त्रक, मानवीय संसाधन र उपकरणको पनि सर्वथा अभाव छ। वनमा स्थानीय तथा आदिवासी समुदायको निर्भरता घटेकाले अग्नि नियन्त्रणमा जनश्रमदान घटेको छ। वन तथा वातावरण मन्त्रालयको तथ्यांकअनुसार सन् २०२४ मा पाँच हजार १२५ स्थानमा डढेलो लागेको छ। डढेलोकै कारण वनजंगल र वन्यजन्तु नष्ट हुनुका साथै स्तनधारी, घस्रिने जनावर र चराचुरुंगीका गुँड र बचेरा सखाप हुँदै गएका छन्।

**जलवायुजन्य विपत्** : तापक्रम वृद्धिकै असरस्वरूप हिउँ पग्लने क्रम बढेको छ। हिमालमा रहेको बरफको परत र आयतन निकै घटेको छ। मानव जातिका लागि यो ठूलो चुनौतीको विषय हो। यही गतिमा हिउँ पग्लिँदै गए निकट भविष्यमै हिमालहरू नांगा हुने जोखिम छ। जसले गर्दा जलचक्र खलबलिने निश्चित छ।

खुम्बु क्षेत्रको इम्जा ग्लासियरमा अमेरिकाको मेन विश्वविद्यालयको टोलीले सन् २०१९ मा गरेको अध्ययनअनुसार गत दुई हजार वर्षमा थुप्रिएबराबरको हिउँ ३० वर्षमै पग्लिएर बगेको छ। त्यसको अर्थ, ६६ वर्षको हिउँ एकै वर्षमा पग्लिएको देखिन्छ। यही रफ्तारमा हिउँ पग्लँदा अवस्था भयावह हुने देखिन्छ। जलवायु परिवर्तनले निम्त्याएको यो ठूलो संकट हो।

सगरमाथा आरोहीहरूले ग्लेसियर पग्लिएको, हिँड्दै गर्दा सतहमुनि कलकल पानी बगेको आवाज सुनिएको अनुभव सुनाएका छन्। हिउँ तीव्र गतिमा पग्लने र हिमताल फुट्दा मानवीय सुरक्षामा समेत जोखिम थपिएको छ। हिमताल फुटेर उत्पन्न भल लेदो (फ्ल्यास फ्लड) ले तल्लो तटीय नदीकिनारका बस्ती र खेतबारी बगाउने जोखिम बढेको छ। यस्ता विपतले स्थानीय समुदायको जीवन, खेतबारी, पशुचौपाया, वन्यजन्तु र जलचरलाई ठूलो असर गर्छ। सन् १९८५ मा दुधकोशीमा अनायासै फ्ल्यास फ्लड आएको थियो। फाकदिङ र जोरसल्लाका स्थानीय बासिन्दा अचम्मित भएका थिए, कारण पानी परेको थिएन। तर, उपल्लो तटस्थित भोटेकोशी उपत्यकामा डिगत्सो हिमताल फुटेको थियो। यस्ता भलले विगतमा नेपालका हिमाली तथा पहाडी क्षेत्रमा थुप्रै जलविद्युत् परियोजना बगाएका उदाहरण छन्। तराई-मधेशमा कतिपय स्थानमा पानीको सतह बढेर पुल नै छुन खोज्ने अवस्था पनि छ। यस्ता ठाउँमा पुल निर्माण गर्दा जलवायु परिवर्तनको प्रभावलाई मध्यनजर गरी निर्माण गर्नुपर्ने अवस्था आएको छ।

सन् २०२१ मा मेलम्चीमा आएको बाढीले ठूलो धनजनको क्षति भयो। त्यो बाढीको एउटै कारण छैन। मानवजन्य र जलवायु परिवर्तन दुवै कारणको योगबाट बाढी आएको इसिमोडको अध्ययनले देखाएको छ। पाँच हजार मिटरभन्दा माथि हिउँको परत, थोरै तल हिमताल र मोरेन ड्याम, भेम्प्रथाङमा पुरानो पहिरो, मेलम्चीगाउँमाथि नयाँ पहिरो, रिबर र चनौटातिर नदीकटान र बालुवा बगाउँदै ल्याई मेलम्ची बजारमा त्यो स्तरको विपत् निम्तिएको देखिन्छ। उपल्लो तटमा भीषण हिमपात र वर्षा हुनु र प्रत्येक स्थानमा हिउँ, लेदो, गेग्रान र बालुवा थुप्रिँदै गई तल आइपुग्दासम्म त्यसको ध्वंस गर्ने क्षमता बढेको देखिन्छ। तह-तह हुँदै वितण्डा मच्चाउने यस्ता प्रकृतिजन्य विपतलाई 'क्यासकेडिङ विपत' भनिन्छ, जुन भविष्यमा अझैं बढ्ने देखिन्छ। नोभेम्बर २०१५ मा थासाङ क्षेत्र, मुस्ताङमा आएको हिमपहिरोले थकालीहरूको याकचौंरीहरू सखाप पारेर ठूलो क्षति गरेको थियो। प्रत्यक्षदर्शी स्थानीयवासीका अनुसार त्यो सन् १९५४ पछिकै ठूलो हिमपहिरो थियो। हिमाली क्षेत्र मात्रै नभएर तराई र मधेशमा समेत हिउँ पग्लनुको दूरगामी असर देखिने गरेको छ।

तल्लो तटीय क्षेत्रमा पानीका मूल सुक्ने क्रम बढ्दो छ। किनकि, पानीको चक्रलाई व्यवस्थित गर्ने नै हिमालले हो। हिमाल 'वाटर टावर' हो, यहाँ हिउँ पर्याप्त मात्रामा जम्मा हुनुपर्छ। बिस्तारै पग्लिँदा वा एकैनास बग्दा जमिन रसाएर तल्लो तटीय क्षेत्रमा पानी पुनर्भरण (रिचार्ज) हुने, माटोमा चिस्यान कायम रहने हुन्छ। अहिले तीव्र गतिमा पग्लेर बाढी आउँदा सबै बगाएर लैजाने भयो। हिउँदमा खडेरीको समस्या देखिने भयो। नेपालको सन्दर्भमा त जलवायु परिवर्तनको ठूलो मार पर्यटनलाई पर्नेवाला छ। पर्वतारोहणको भविष्य नै अँध्यारो देख्छु। हिमालमा हिउँ नै नभए केको पर्वतारोहण ?

**दोष कस–कसको ?** : जलवायु परिवर्तनको समस्या निम्तिनुमा नेपालको योगदान नगण्य छ। नेपालको हरित गृह ग्यास उत्सर्जन ०.०२७ प्रतिशत छ। नेपालको मात्र होइन, अल्पविकसित देशको योगदान कम छ, तर यी देश जलवायु परिवर्तनबाट धेरै प्रभावित छन्। दोष विकसित देशको छ। साइन्स जर्नल नेचरका अनुसार सन् २०२१ मा मात्र विश्वभर कुल ३६.६ अर्ब टन कार्बन वायुमण्डलमा उत्सर्जन भएको थियो। विगतमा अमेरिकी र युरोपेली देशले ठूलो परिमाणमा कार्बन उत्सर्जन गरेका थिए। यो मात्रा प्रत्येक वर्ष बढ्दै छ। अहिले हरितगृह ग्यास (मुख्यतः कार्बन, मिथेन र नाइट्रसअक्साइड) उत्सर्जन गर्नेमा एसियाली देश चीन र भारत पनि थपिएका छन् । चीन, अमेरिका र भारत हाल सर्वाधिक हरितगृह ग्यास उत्सर्जन गर्ने तीन प्रमुख देश हुन्।

यसको प्रभाव विश्वले नै भोगिरहेको छ। अझ बढी ग्लोबल साउथ अर्थात् मानवीय संसाधन न्यून भएको, विकास र आर्थिक रूपमा पिछडिएका देशले भोगिरहेका छन्। अल्पविकसित राष्ट्रहरूको गठबन्धन (एलसिडी) र ती देशमा पनि विपन्न, सीमान्तकृत समुदाय, आदिवासी, दलित, महिलामा त्यसको ठूलो असर परेको छ। बाढी-पहिरोले लखेटिएको बस्तीको संख्या बढिरहेको छ। किनकि, विपन्न र सीमान्तकृत समुदाय नै खोलाकिनार, वनको छेउछाउ बढी बस्ने गर्छन् र उनीहरूको जीविकोपार्जन ज्यादा कृषि, पशुपालन र माछा मार्ने वा वन पैदावारमा आश्रित छ। थप राजनीतिक अस्थिरताका कारण यी सर्वाधिक प्रभावित वर्ग समुदायको जोखिमलाई तिनले सम्बोधन कम गर्छन् वा तिनको प्राथमिकतामा पर्दैनन्।

वैश्विकस्तरमा अल्पविकसित राष्ट्रले विकसित देशबाट अनुदान सहयोग पाउनुपर्छ भन्ने छ। ग्लोबल साउथको यो माग जलवायु न्याय (क्लाइमेट जस्टिस) का दृष्टिले समेत तर्कसंगत छ। जलवायु न्यायको सिद्धान्तले 'साझा र फरक जिम्मेवारी' भन्छ। सबैको जिम्मेवारी छ, तर जसको जलवायु परिवर्तनमा बढी योगदान छ, ती राष्ट्रले बढी जिम्मेवारी लिनुपर्छ भन्छ। यो हामीले सिर्जना गरेको समस्या नभएकाले ठूला राष्ट्रहरूले क्षतिपूर्ति दिनुपर्छ भन्ने माग ग्लोबल साउथले राखेको हो। क्लाइमेट जस्टिसमा जो प्रदूषक हो, उसले तिर्नुपर्ने मान्यता छ। हाम्रो राजनीति निकै अस्थिर छ। त्यहीकारण प्राकृतिक विपत् र वातावरण संरक्षणमा पर्याप्त ध्यान जान सकिरहेको छैन। समाजमा राजनीतिक बहस नै चर्को सुनिन्छ। तर, पर्यावरणीय संकटलाई बहसको केन्द्रमा नल्याएसम्म समाज व्यवस्थित हुन सक्दैन। समाज मात्र होइन, पृथ्वीकै स्वास्थ्यको अवस्थामा सुधार आउनेछैन।

हाम्रोमा भएका केही राम्रा नीतिको पनि प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन। अनुगमन अत्यन्त फितलो छ। सरकारी निकायलाई यसमा घचघच्याउने काम सञ्चारमाध्यम, साहित्य, नागरिक समाजलगायतले गर्नुपर्छ।

नयाँ पत्रिकाबाट

# कपाल झर्न नदिने उपाय



हिजोआज उमेर नपुग्दै कपाल झर्ने समस्या भएका पुरुषको संख्या बढ्दो छ । जसले गर्दा पुरुषको व्यक्तित्वमा असर पुऱ्याइरहेको हुन्छ । कपाल झर्दा उनीहरूका लागि टाउको दुखाइ बनिरहेको नै छ । दिनमा सयवटा जति कपाल झर्नुलाई सामान्य रूपमा लिइन्छ । तर, योभन्दा बढी कपाल एकैचोटि झर्न थाल्यो भने समस्या भनेर बुझ्नुपर्छ ।

**कारण**

पुरुषमा कपाल झर्नुको मुख्य कारण वंशानुगत गुण हो । तर, यो सबैमा देखिन्छ भन्ने हुँदैन । दैनिक काम वा अन्य विभिन्न कारण अत्यधिक तनाव भएमा हर्मोनमा गडबडी आउँछ । यसले गर्दा प्रतिक्रियास्वरूप बाक्लो कपाल झर्न थाल्छ ।

धूम्रपान गर्दा पाइने निकोटिनका कारण रक्तनली खुम्चिने हुन्छ । यसले गर्दा शरीरमा अक्सिजनको मात्रा कम भई कपाल झर्ने हुन्छ । त्यस्तै, मद्यपान गर्ने अधिकांश पुरुषमा टक्सिनको मात्रा बढ्ने, आइरन र जिंक कम हुन्छ । जसका कारण पनि कपाल झर्छ ।

पुरुषको तालुमा हुने एउटा इन्जाइमले टेस्टोस्टेरोन हर्मोनलाई डिएचटीमा परिवर्तन गरिदिन्छ । त्यस कारणले कपाल झर्न थाल्छ। टेस्टोस्टेरोन हर्मोन तीव्र गतिमा बढ्न थालेपछि बाक्लो कपाल बिस्तारै झर्न सुरु गर्छ ।

कतिपय पुरुषले फरक स्टाइल दिने नाममा कपाल कलर गर्ने गर्छन् । यसरी प्रयोग गरिने विभिन्न रसायनयुक्त वस्तुका कारण कपाल टुक्रिएर झर्ने गर्छ । अत्यधिक मात्रामा कपाल हाइलाइट र कलरिङ गरिरहेका हुन्छन् । जसले कपालमा समस्या उत्पन्न हुन्छ र झर्न सुरु गर्छ । अस्वस्थ खानेकुरा खाँदा कपाल स्वस्थ रहन आवश्यक आइरन, जिंक, क्याल्सियमलगायतको कमी हुन्छ र कपाल झर्ने हुन्छ ।

**रोकथाम**

वंशानुगत गुण, बढ्दो उमेर, हर्मोनका कारणले कपाल झरेको भए यसलाई रोक्न मुस्किल हुन्छ । तर, अस्वस्थ खानपान, धूम्रपान, मद्यपान, तनाव, रसायनयुक्त पदार्थको प्रयोग आदि कुराले कपाल झरिरहेको भए यसलाई रोक्न भने सकिन्छ । स्वस्थ जीवनशैली तथा खानपान आवश्यक हुन्छ। धूम्रपान र मद्यपान गर्नुहुँदैन । तनाव व्यवस्थापन गर्ने र रसायनयुक्त पदार्थको प्रयोग नगर्दा कपाल झर्न कम हुन्छ ।

# मंकीपक्स कसरी फैलिन्छ, बच्न के गर्ने ?

डा.अरुणकुमार सिंह

मंकीपक्स भाइरस एक संक्रामक रोग हो । कोभिड-१९ को महामारीको पछि मंकीपक्सलाई विश्व स्वास्थ्य संगठनले स्वास्थ्य आपतकाल घोषणा गरेको छ । यो रोगको फैलावट कंगोबाट सुरु भएको हो र यसको फैलावटले विश्वभर चिन्ता फैलाएको छ ।

भाइरसका दुई प्रमुख स्ट्रेन छन्ः क्लेड-आइ, जुन मध्य अफ्रिकामा स्थानिय रूपमा फैलिएको छ, र 'क्लेड आइबी' भेरियन्ट, जुन नयाँ र बढी संक्रामक मानिन्छ ।

**मंकीपक्सका लक्षणहरू के के हुन् ?**

मंकीपक्स भाइरस का लक्षणहरू प्रायः ज्वरो, तीव्र टाउको दुखाइ, सूजन, पीठ र मांसपेशीहरूमा दुखाइमा समावेश छन् । ज्वरो कम भएपछि शरीरमा चकत्ते देखा पर्न थाल्छन्, जुन सामान्यतया अनुहारबाट सुरु हुन्छ र शरीरका अन्य भागहरूमा फैलिन्छ। यी चकत्ते खुजली र पीडादायक हुन सक्छन् । संक्रमण १४ देखि २१ दिनसम्म रहन सक्छ र गम्भीर केसहरूमा घाउहरू शरीरका सबै भागहरूमा फैलिन सक्छन् ।

**मंकीपक्स कसरी फैलिन्छ ?**

मंकीपक्स भाइरस नजिकको सम्पर्कबाट फैलिन्छ । यो संक्रामक रोग यौन सम्बन्ध, छालाबाट सम्पर्क, र संक्रमित व्यक्तिको नजिक आउनुबाट फैलिन्छ । भाइरस आँखा, नाक, मुख, र कानमार्फत शरीरमा प्रवेश गर्छ । यो भाइरस संक्रमित बनर, चूहा, र गिलहरीसँगको सम्पर्कबाट पनि फैलिन्छ ।



**मंकीपक्स भाइरसबाट बच्नका लागि निम्न उपायहरू अपनाउन सकिन्छः**

- संक्रमित व्यक्तिमा लक्षणहरूको पहिचान गर्न महत्त्वपूर्ण छ र तिनीहरूबाट टाढा रहनुहोस् ।
- सफा-सफाइमा ध्यान राख्नुहोस् र मानिसहरूबाट टाढा रहनुहोस् । बारम्बार हात धुने गर्नुहोस् ।
- संक्रमित व्यक्तिसँग यौन सम्बन्ध बनाएर परहेज गर्नुहोस् र ठीक भएपछि पनि केही दिन सुरक्षित यौन सम्बन्ध राख्नुहोस् ।
-खोप लगाउनुहोस, जुन यस रोगबाट बच्नका लागि महत्त्वपूर्ण छ ।

यसरी मंकीपक्सको फैलावट रोक्न र सुरक्षित रहनका लागि यसलाई सचेत र सक्रिय तरिकामा सम्बोधन गर्नु आवश्यक छ । (स्वास्थ्य खबरबाट)



जनैपूर्णिमाका दिन सोमबार बिहान दाङको घोराही उप-महानगरपालिका-५ धारापानीमा रहेको बबई नदीमा श्रावणी स्नान गर्दै भक्तजन। स्नानपछि वैदिक रुद्राभिषेक पद्धतिद्वारा जनै र रक्षाबन्धन धारण गर्ने वैदिक परम्परा रहेको छ। तस्विर : रञ्जिता अधिकारी / रासस

# कञ्चनमा नाइन ए साइड नकआउट फुटबल हुँदै

कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिकामा यही भदौ ५ गतेबाट सञ्चालन हुने प्रथम गौतमबुद्ध कप नाइन ए साइड नकाउट फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ । गौतमबुद्ध सामुदायिक विकास केन्द्र, कञ्चन ५ पिपरीचापा रुपन्देहीले पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी गराएको हो ।

रुपन्देहीको कञ्चन गाउँपालिका हरेक खेलकुदहरुका लागि हब बन्दै गइरहेको र गौतमबुद्ध सामुदायिक विकास केन्द्रले हरेक वर्ष खुल्ला नकआउट फुटबल प्रतियोगिता सञ्चालन गर्दै आइरहेको सन्दर्भमा यस वर्षदेखि प्रतियोगितालाई नाइन ए साइड टाइटल दिएर फुटबल प्रतियोगितालाई व्यवस्थित गर्न लागेको केन्द्रका अध्यक्ष कमल परियारले जानकारी दिए ।

कञ्चनमा कुनै न कुनै संघ संस्थाले फरक-फरक समय र अवसरहरुमा फुटबल प्रतियोगिता सञ्चालन गर्दै आइरहेको स्मरण गराउँदै अध्यक्ष परियारले खेलाडीहरुमा फुटबल खेलमा विकसित हुँदै गइरहेको नयाँ नयाँ इभेन्ट, सीप र कौशलताहरुलाई स्थानीयस्तरमा उदयिमान रहेका खेलाडीहरुमा सिकाइ गराउन प्रतियोगिता उपलब्धिमूलक बन्ने विश्वास व्यक्त गरे ।

महिलाहरुको महानपर्व हरितालिका तीजको अवसर पारेर सञ्चालन गर्न लागिएको प्रतियोगितामा विजेता टिमले १ लाख १ हजार १११ रुपैया नगद पुरस्कारसहित कप र मेडल प्राप्त गर्ने र उपविजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ नगद पुरस्कारसहित कप र मेडल प्राप्त गर्ने अध्यक्ष परियारले सम्मेलनमार्फत् जानकारी दिए ।

यसैगरी विधागत रुपमा उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्ड, उत्कृष्ट मिडफिल्डर, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक र उदियामन खेलाडीको समेत छनौटगरी ट्रफी र नगद पुरस्कार प्रदान गरिने प्रतियोगितामा करिब ११ लाख रुपैयाँभन्दा बढी खर्च हुने पूर्वानुमान रहेको अध्यक्ष परियारले पत्रकार सम्मेलनमार्फत् जानकारी गराए । स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने देशले बोकेको मुल नारालाई आत्मसात गरी प्रतियोगितालाई हारजितको भन्दा पनि मैत्रीपूर्ण र खेलाडी खेलाडी बिचको पारस्परिक सम्बन्ध, एकता, सहकार्य र समन्वयमा आधारित खेलको रुपमा विकास गर्ने अभ्यास गरिने अध्यक्ष परियारले बताए । अध्यक्ष परियारले प्रतियोगितालाई भव्य बनाउन स्थानीय तथा देश विदेशमा रहेका फुटबल प्रेमी, स्थानीय संघसंस्थाहरुबाट आर्थिक सहयोग प्राप्त भइरहेको र वडा कार्यालय र पालिकाबाट आर्थिक सहयोगको आश्वासन आएको बताएका छन् ।

यस्तै १५ दिनसम्म सञ्चालन हुने प्रतियोगितामा भौतिक उपस्थिति जनाएर करिब १० हजार दर्शकहरुले प्रत्यक्ष रुपमा प्रतियोगिताको अवलोकन गर्ने र अनुमानित दर्शकहरुबाट दैनिक रुपमा लिइने ५० रुपैयाँ प्रवेश शुल्कबाट ५ लाख रुपैयाँ आम्दानी हुने खेलकुद संयोजक तथा गौतमबुद्ध सामुदायिक विकास केन्द्रका उपाध्यक्ष रोशन पुनले अनुमान गरेका छन् । प्रतियोगिता सञ्चालनका लागि आवश्यक मैदानको ९० प्रतिशत तयारी सकिएको र बाँकी तयारी पनि २ दिनभित्र पूर्ण हुनेछ ।

स्थानीय प्रगतीशिल आमा समूह सह-आयोजक रहेको प्रतियोगिता यही भदौ ५ गते देखि २० गतेसम्म कञ्चन ५ स्थित पिपरीचापामा रहेको खेलमैदानमा सञ्चालन हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा गोर्खा ब्वाइज स्पोर्टस् क्लब, बुटवल, ढावा एफ.सि.कञ्चन, खस्यौली एफ.सि. बुटवल, चाँदनी युवा क्लब, दानापुर, मनोभव एफ.सि. बुटवल, हरैया युवा क्लब, हरैया, न्यू सृजना युवा क्लब करौजिया, विश्व शान्ति युवा क्लब, सालझण्डी, इभोलुसन क्लब, तामनगर, सुनगाभा युवा क्लब, वाणगंगा वेल्फेयर सोसाइटी, कपिलवस्तु, जनज्योति युवा क्लब, डिङ्गरनगर, सौभाग्य युवा क्लब बुटवल, फर्साटिकर युवा क्लब, फर्साटिकर, बुद्ध सेभेन स्टार क्लब, सैनामैना गरी लुम्बिनी प्रदेशका उत्कृष्ट फुटबल टिमहरुले प्रतिस्पर्धा गर्ने छन् ।

# भारतमा थप दुई सय ५१ मेगावाट विद्युत् निर्यात हुने

काठमाडौँ । नेपालले द्विपक्षीय सम्झौताअनुसार भारतका विहार र हरियाणा राज्यलाई थप दुई सय ५१ मेगावाट विद्युत् निर्यात गर्ने भएको छ ।

भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले हरियाणा राज्यलाई थप एक सय २५ दशमलव ८९ मेगावाट र विहारलाई एक सय २५ मेगावाट मध्यकालीन सम्झौताबमोजिम निर्यात गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको हो । दश जलविद्युत् आयोजनाबाट उत्पादित एक सय २५ मेगावाट विद्युत् विहारलाई र दुई जलविद्युत् आयोजनाबाट उत्पादित थप एक सय २५ दशमलव ८९ मेगावाट विद्युत् हरियाणा राज्यका वितरण कम्पनीलाई बिक्री गरिनेछ । प्राधिकरणले हरियाणा राज्यलाई हाल एक सय नौ मेगावाट विद्युत् बिक्री गरिरहेको छ। नेपालमा खपत गरी अतिरिक्त भएको बर्खायामको विद्युत् हरेक वर्ष जुनदेखि अक्टोबरसम्म विहार र हरियाणालाई बिक्री गरिनेछ । योसँगै मध्यकालीन सम्झौताबमोजिम भारतका राज्यस्तरका वितरण कम्पनीलाई बिक्री गरिने विद्युत्को परिमाण तीन सय ६० मेगावाट पुगेको छ। आगामी अक्टोबरसम्म बिक्री गरिने विद्युत्को बिक्री दर प्रतियुनिट आठ रुपैयाँ ७२ पैसा (५ दशमलव ४५ भारु) रहेको छ। गत वर्ष हरियाणलाई बिक्रीका लागि स्वीकृति दिइएको एक सय नौ मेगावाटको प्रतियुनिट दर आठ रुपैयाँ ४० पैसा (५ दशमलव २५ भारु) छ। यसमा भारतर्फको प्रसारण लाइन शुल्क, चुहावट, ट्रेडिङ मार्जिनलगायत सम्पूर्ण कर तथा शुल्क भने प्राधिकरणले व्यहोर्नुपर्ने छैन ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको बर्खायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । भारतको इनर्जी एक्सचेञ्ज (आइएक्स)को रियल टाइम मार्केट, डे-अहेड बजारमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम हरियाणा राज्यलाई बिक्री गरिरहेको छ । भारतबाट स्वीकृति पाएसँगै अब विहारलाई पनि विद्युत् बिक्री सुरु हुनेछ। प्रतिस्पर्धी बजार र मध्यकालीन सम्झौताबमोजिम भारतीय बजारमा २८ वटा आयोजनाहरुबाट उत्पादित नौ सय ४१ मेगावाट विद्युत् बिक्री हुनेछ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भारतीय पक्षबाट स्वीकृति पाएसँग अब छिट्टै विहार र हरियाणामा थप विद्युत् निर्यात सुरु गरिने जानकारी दिए । "स्वीकृत परिमाणको १० प्रतिशत थप विद्युत् निर्यात गर्न सक्ने हुँदा अब एक हजार मेगावाटभन्दा बढी निर्यात गर्न सक्ने अवस्था बनेको छ, थप दुई सय मेगावाट निर्यात स्वीकृतिको प्रक्रियामा रहेको छ, छिट्टै स्वीकृति पाउनेमा विश्वस्त छौँ ।"-कार्यकारी निर्देशक घिसिङले भने । विद्युत् निर्यातको परिणाम बढ्दै जानेछ, चालु आवमा रु २५ अर्ब बराबरको विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको प्राधिकरणले जनाएको छ।

विवरणअनुसार ११ दशमलव ६४ मेगावाटको दोर्दी-एक, कूल १४ दशमलव ४५ मेगावाटको मायाखोला, नौ दशमलव ९९ मेगावाटको तल्लो पिलुवा, १० दशमलव ६७ मेगावाटका तल्लो खारे, ११ दशमलव ६४ मेगावाटको माथिल्लो खिम्ती, छ दशमलव आठ मेगावाटको माथिल्लो खिम्ती-दोस्रो, १४ दशमलव चार मेगावाटको मोदी, १४ दशमलव छ मेगावाटको गण्डक, १९ दशमलव २१ मेगावाटको माथिल्लो सोलु र ११ दशमलव ६४ मेगावाटको दूधकुण्ड जलविद्युत् आयोजनाबाट उत्पादित एक सय २५ मेगावाट विद्युत् विहारमा निर्यात हुनेछ। विहारसँग प्रसारण लाइन जोडिएका कटैया, रक्सौल र रामनगर विन्दुमार्फत विद्युत् निर्यात गरिनेछ।

यस्तै, ७५ मेगावाटको लिखु-एक र ५० दशमलव ८९ मेगावाटको लिखु-२ बाट उत्पादित एक सय २५ दशमलव ८९ थप विद्युत् हरियाणा राज्यमा बिक्री गरिनेछ। प्राधिकरणले सुक्खायाममा नदीमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत्गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा गत आर्थिक वर्षमा भारतबाट एक अर्ब ८९ करोड युनिट अर्थात् रु १६ अर्ब ९३ करोडको विद्युत् आयात गरेको थियो । तर यही अवधिमा एक अर्ब ९५ करोड युनिट विद्युत् भारतर्फ निर्यात गरी रु १७ अर्ब ६ करोड आम्दानी गरेको थियो। गत आर्थिक वर्षमा आयातभन्दा रु १३ करोड बढीको विद्युत् निर्यात भएको थियो। गत आवबाट खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेर गौरवमय इतिहास बनाउन सफल भएको छ।

# ७४ जिल्लाका ३७५५ जनामा डेंगु



बुटवल। लामखुट्टेको टोकाईबाट सर्ने डेंगु नेपालका ७४ जिल्लामा फैलिएको छ । इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी)को पछिल्लो तथ्यांकअनुसार लुम्बिनीमा ३२८ जनामा डेंगु छ । जिल्लागतरुपमा सबैभन्दा बढी तनहुँमा छन् ।

एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक लामखुट्टेको टोकाइबाट डेंगु रोग लाग्छ।

गत पुसको मध्यदेखि हालसम्म ३ हजार ७५५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी)का अनुसार गण्डकीमा १ हजार ४४८, बागमतीमा ९२८ डेंगु संक्रमित फेला परेका हुन् ।

त्यस्तै, कोशीमा ६३९, सुदूरपश्चिममा २९५, मधेशमा ६५ र कर्णाली प्रदेशमा ५२ जनामा डेंगु संक्रमण पुष्टी भएको छ। जिल्लागत रूपमा सबैभन्दा धेरै तनहुँमा ७१५, काठमाडौंमा ३५४, कास्कीमा २७४, झापामा १४७, चितवनमा १४५, पर्वतमा १३६, मकानपुरमा ९०, गोरखामा ८५ जना डेंगु संक्रमित भेटिएका छन् ।

पछिल्ला दिनमा गण्डकीमा प्रदेशका जिल्लामा डेंगु फैलिने क्रम बिस्तारै बढ्दै छ। अब मनसुन बिस्तारै रोकिँदै गएसँगै डेंगुका बिरामी बढ्न सक्ने इडीसीडीका अधिकारी बताउँछन्। अघिल्लो वर्ष ७७ वटै जिल्लामा डेंगु फैलिँदा ५२ हजारभन्दा बढी संक्रमित भएका थिए भने २० जनाको मृत्यु भएको थियो ।

जनस्वास्थ्यविद्का अनुसार डेंगुको प्रकोप फैलिनुमा बढ्दो तापक्रम, जनघनत्व, अव्यवस्थित शहरीकरण, जलवायु परिवर्तन, लामो बर्खा, किटाणुमा कम तापक्रममा बाँच्न सक्ने क्षमताको विकास लगायत कारण हुन् ।

डेंगु लामखुट्टेबाट सर्ने रोग हो। डेंगु एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीव्र भाइरल संक्रमण हो । सामान्यतया १५ देखि ३५ डिग्रीको तापक्रममा लामखुट्टेको वृद्धि-विकास हुन्छ । डेंगु भाइरस फैलाउने लामखुट्टेका लागि भने १० देखि ४० डिग्रीसम्मको तापक्रम अनुकुल मानिन्छ।

कीट विज्ञहरूका अनुसार एउटा लामखुट्टेको सरदर आयु ३० देखि ४० दिनसम्म हुने भए पनि लामखुट्टेले पारेका अण्डा उपयुक्त वातावरण पाउँदा वर्षौंसम्म रहिरहन्छन् । पछि त्यही लार्भा बन्छ। लार्भा सातदेखि १० दिनसम्ममा वयस्क हुन्छ। डेंगु सार्ने लामखुट्टेले प्रायः दिउँसो मात्र टोक्छ। संक्रमित पोथी लामखुट्टेले न्यूनतम पाँच एमएलसम्म पानी जमेको र सफा पानीमा पनि फुल पार्न सक्छ।

डेंगु मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु हो। यो ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्छ। डेंगु लागेमा रक्तकोष घट्न गई रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउँछ। फलस्वरूप बिरामी व्यक्ति सिकिस्त हुने गर्छन् । बाहिर निस्कँदा शरीर ढाक्ने कपडा लगाएर निस्कने, घरका झ्याल, ढोकामा जाली हाल्ने, दिउँसो सुत्दा झुल हाल्नेजस्ता पक्षलाई व्यवहारमा उतार्नुपर्छ।

# बाढी पहिरोले दुई महिनामा १९० जनाको मृत्यु



बुटवल । दुई महिनामा बाढी पहिरोलगायतका विपदमा परेर १९० जनाको मृत्यु भएको छ।

नेपाल प्रहरीका अनुसार, सोमबार दिउँसोसम्म विभिन्न विपद्मा परेर काठमाडौँ उपत्यकामा ३, कोशी प्रदेशमा २७, मधेश प्रदेशमा ८, बागमती प्रदेशमा ३२, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३६, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ जनाको मृत्यु भएको छ।

देशभर २३८ जना घाइते छन् । उनीहरुलाई उपचारका लागि नजिकैको अस्पतालमा लगिएको प्रहरीले जनाएको छ। प्रहरीले विपद्का कारण जोखिममा परेका ११४ जनाको उद्दार समेत गरेको छ । बाढी पहिरोमा परेर देशभर ४९ जना बेपत्ता छन् । उनीहरुको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

बाढी पहिरोका कारण ३ सय २७ वटा घर, १ सय १२ वटा गोठ, ५१ वटा पुल, ४ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षती पुगेको छ।

८ सय ५२ वटा पशु चौपायको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट ४ हजार ८ सय १९ घर परिवार विस्थापित भएको प्रहरीले उल्लेख गरेको छ।

**मुख्यमन्त्री...**

शंकर पोखरेल मुख्यमन्त्री भएका बेला पहिलो पटक मन्त्री बनेका आचार्यले आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्हालेका थिए। करिब एक महिना मात्र मन्त्री बनेका आचार्य दोस्रो पटक लीला गिरीको नेतृत्वमा खानेपानी तथा शहरी विकास मन्त्री बनेका थिए। दोस्रो कार्यकाल पनि लामो समय मन्त्री बन्न नपाएका आचार्य गत चैत्र २५ गते जोखबहादुर महराको नेतृत्वमा आन्तरिक मामिला तथा योजना मन्त्री बने । पछिल्लो समय करिब तीन महिना मन्त्री सम्हालेका उनले चौथो पटक भने मुख्यमन्त्रीकै जिम्मेवारी प्राप्त गर्न सफल भएका छन्।

**एकजना...**

मेयर थापाको हस्ताक्षरसहितको पत्र खानी विभागमा पुगेपछि खानी विभागले अनुमति-पत्र (लाइसेन्स) प्रदान गरेको थियो। नगरको लेटरप्याड र मेयरको हस्ताक्षर सबै नक्कली रहेको नगरले दाबी गर्दै आएको थियो।

मेयरको हस्ताक्षर नक्कली नै रहेको पुष्टी भएको छ। काठमाडौँस्थित विधि विज्ञान प्रयोगशालामा गराएको जाँचमा खानी विभागमा पुगेको पत्रको हस्ताक्षर मेयरको नभएको पुष्टी भएको हो। हस्ताक्षर भिडाउँदा नमिलेको विधि विज्ञान प्रयोगशालाले बताएको छ। मेयरको दाबी सही भएपछि प्रहरीले थप अनुसन्धान अघि बढाएको छ । विजया सिमेन्ट्स प्रालिका प्रतिनिधि नवाफ अलीलाई पक्राउ गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनीविरुद्ध पक्राउ पुर्जी जारी भएपछि प्रहरीमा आफैँ आएका थिए।

मेयर थापाले गत २०८० चैत २० गते कम्पनी र नवाफ अलीविरुद्ध प्रहरीमा उजुरी दिएका थिए। अहिले आफ्नै नेताहरू मुछिएपछि उनीमाथि ठूलो दबाब छ । आफैँले दिएको उजुरीमा आफ्नै नेताहरूको नाम आएपछि यो प्रकरणले उनलाई नै पोलेको छ।

जनमोर्चाका नेताहरूले यो षड्यन्त्र भएको बताएका छन्। ठूला दलहरू मिलेर फसाउन खोजिएको उनीहरूले अभिव्यक्ति दिँदै आएका छन्। उनीहरूले आफ्ना मान्छे जोगाउने र अन्य दललाई फसाउने प्रपञ्च भएको भन्दै निष्पक्ष छानबिनको माग गरेका छन्।

**चुनौतीका...**

उनीसँग अन्तरविरोध राख्नेहरू बाबुराम भट्टराई, मोहन वैद्य छुट्टिएर बसेका छन् । दाहालसँग बिमति राखेर अलग भएका विप्लव माओवादीमा मिसिने ढोका फराकिलो बनाउने कसरतमा छन्।

आन्दोलनको राप र तापबाट नेतृत्वमा स्थापित भएका दाहालका सामु अब नेतृत्वमा टिकिरहने विकल्प साँघुरो बन्दै गएको छ। सधैं अरूलाई प्रयोग गरेर पार्टी र राजकीय सत्तामा टिक्दै आएका उनीविरुद्ध बाह्य र आन्तरिक रूपमा चुनौती बढिरहेका छन्, ती चुनौतीको सामना गर्ने सामर्थ्य कमजोर बन्दै गएको छ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ‘किसानलाई ठूलो क्षेत्रफलमा खेती गर्न सिकाउँदैछौँ’



**केशव न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत, पैँचो पसल प्रा.लि.

*गाउँको उत्पादन शहर पुर्‍याउन युवाको एउटा समूहले खोलेको कम्पनी हो, पैँचो पसल प्रा.लि. । पैँचो पसल प्रा.लि.ले बजारीकरणमा सघाएपछि गुल्मीमा व्यवसायिक तरकारी खेती फस्टाएको छ । बुटवल र आसपासको शहरमा बस्ने उपभोक्ताले पहाडी उत्पादन खान पाइरहेका छन् । पैँचो पसलका अबका योजना र कामका बारेमा पैँचो पसल प्रा.लि.का सिइओ केशव न्यौपानेसँग दैनिक लुम्बिनीका लागि आचार्य प्रदीपले गरेको कुराकानी :*

**» पैँचो पसल प्रा.लि.ले स्थापनाको छोटो समयमै बुटवलमा उपभोक्तालाई आकर्षित गर्न सफल भएको छ, आगामी योजना के के छन् ?**

पैँचो पसलले आफ्नो स्थापना सँगसँगै धेरै छिटो आफ्नो पहिचान बनाउन सफल भएको छ । खासगरी बुटवलको तरकारी बजारको रुपमा पैँचो पसल लोकप्रिय रहेको छ। यसको पहिलो कारण भनेको बुटवल आसपासमा गुल्मी, अर्घाखाँची, पाल्पालगाययतका जिल्लाहरुबाट आएर बसेका उपभोक्ताले आफू जन्मे हुर्केको ठाउँका र सो स्थानमा रहँदा प्रयोग गरेका तरकारी फलफूलहरु खान पाएका छन् ।

पहाडका उत्पादन थातथलो छाडेर आउँदा यहाँ पाउँदाखेरी बालापन फर्केर आएजस्तो, माइती गाउँ पुगेजस्तो, आफ्नै घरमा भएजस्तो भएको हुनाले यसले स्थापनाको छाटो समयमा नै उपभोक्ताहरुको मन जित्न सफल भएको छ ।

**» उपभोक्ताको रुची छिटो–छिटो फेरिएको हो ? अहिलेसम्मको अनुभवले उपभोक्ताको रुची के पाउनुभयो ?**

पछिल्लो समयमा उपभोक्ताहरुको खाद्यप्रतिको रुचिमा क्रमिक रुपमा परिवर्तन भईरहेको छ । प्रविधिमा भइरहेको परिवर्तन र बाह्य संस्कृतिको प्रभाव तथा परम्परागत नेपाली उत्पादनहरुको महत्व बुझेका कारणले उपभोक्ताहरुले फरक रुचि देखाइरहेका छन् । युवा उपभोक्ताहरुले विभिन्न क्षेत्रबाट हेरेर केही नयाँ प्रयोग गर्ने र त्यसमा तरकारी तथा फलफूलको प्रयोग बढाएका छन् । परम्परागतरुपमा हाम्रो पुर्खाले प्रयोग गर्दै आएको, तर हाल प्रयोग नभएका चिजहरुको महत्व बुझेर उपभोक्ताहरुले रुचि देखाएको देखिन्छ ।

खासगरी कोभिड पछाडि आम उपभोक्ताहरु स्वास्थ्यप्रति अलि बढी चनाखो भएको कारणले स्वास्थ्यबर्द्धक खानाहरुको उपभोग बढेको छ । पछिल्लो समय स्वादको लागि भन्दा पनि स्वास्थ्यको लागि सामग्रीहरु खरिद गर्ने र उपभोग गर्ने प्रचलन बढेको छ ।

**» कम्पनीले विभिन्न वस्तु उत्पादन गरेर ब्राण्डिङ गरिरहेको छ, के–के उत्पादन छन् ?**

पैँचो पसल प्रा.लि.ले गुल्मीको रिडीमा नेपालकै अत्याधुनिक पैँचो प्रशोधन केन्द्र स्थापना गरेर विभिन्न किसिमका जामहरु, केचप, अचार, चुक तथा छोप, सोया सस, भिनेगर, आटो, कोदोको पिठो, फापरको पिठो, सिंकि, मस्यौरालगायत ६३ प्रकारका उत्पादन गरी ती उत्पादनहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्रीबितरण तथा ब्राण्डिङ गरिरहेको छ । बस्तुको ब्राण्डिङको लागि धेरैजसो डिजिटल मिडियाको प्रयोग गरिरहेका छौँ ।

कम्पनीको फेसबुक, युट्युब, इन्स्टाग्रामलगायतका माध्यमबाट कम्पनीको उत्पादनहरुलाई डिजिटल ब्राण्डिङ गर्दै आइरहेका छौँ । नेपालको हरेक कुना कन्दरामा पैँचोका सामग्री पुगेका छन् । हामीले परम्परागत चुक, सिन्की, मस्यौरा, टमाटर केचप, छोपसहितका सामग्रीहरु अमेरिका, जापान, अस्ट्रेलिया, दुबईसहितका देशहरुमा पुर्‍याएका छौँ ।

**» पैँचो पसल प्रा.लि.ले किसानसँग कसरी सहकार्य गरिरहेको छ ?**

पैँचोको स्थापना ग्रामीण किसानहरुको उत्पादित बस्तुको बजारीकरणको सुनिश्चितता गर्नको लागि स्थापना भएको हो । यसको प्रमुख उद्देश्य नै नेपालको उच्च पहाडी भू-भागमा भएका कृषि उपजहरुको बजारीकरण गर्ने भएको हुनाले पैँचो पसलले किसानसंग प्रत्यक्ष समन्वय गरेर आफ्ना व्यवसायिक गतिविधिहरु सञ्चालन गरिरहेको छ । हामीले किसानहरुलाई आवश्यक परे बिउ बिजनहरु र प्राविधिक सुविधाहरु समेत प्रदान गर्दछौँ ।

हामीले सम्बन्धितको खेतबारीसम्म नै पुगेर रोगब्याधीको उपचार गर्ने गर्दछौँ । यसको लागि विभिन्न जेटिएहरु र कृषि प्राविधिकहरु निःशुल्क रुपमा उनीहरुलाई उपलब्ध गराउँदै आएका छौँ । उनीहरुले जति उत्पादन गरेका छन्, त्यो सम्पूर्ण बिक्रीवितरण गरिदिने ग्यारेन्टी समेत गरेका छौँ । त्यो हिसाबले चाहिँ पैँचो र किसानहरुकाबिचमा अनोन्याश्रित सम्बन्ध रहेको छ । पैँचोको सफलताका सूचकहरु र पैँचोकै खुसी भनेकै किसानहरु हो ।

**» अहिले कम्पनीले नै गुल्मीका विभिन्न ठाउँमा जग्गा लिजमा लिएर तरकारी खेती गरिरहेको छ, यसो गर्दा किसान भड्किने त हुँदैन ?**

हामीले पछिल्लो ७/८ वर्ष कृषिमा काम गर्दा खासगरी पहाडी भू-भागमा ठूलो क्षेत्रमा किसानहरुले खेती गर्न नसक्ने भएकोले उत्पादन लागत वृद्धि हुने अवस्था आएको थियो । यही कुरालाई ध्यानमा राखेर पैँचो पसलले यो वर्षदेखि गुल्मीको गुल्मी दरबार गाउँपालिका, मुसिकोट गाउँपालिका र छत्रकोट गाउँपालिकामा यो काम सुरु गरेका छौँ ।

यी तीन पालिकाका आँपचौर, पुर्खे र खर्ज्याङ्मा हामीले ठूलो प्लट डेमोन्स्ट्रेसन भनेर सुरु गरेका छौँ । यी क्षेत्रफलमा हामीले विभिन्न किसिमका खेतीहरु गरेका छौँ । खर्ज्याङ्मा १ सय रोपनी रहेको छ, आँपचौरमा १५० रोपनीमा खेती गरिरहेका छौँ भने पुर्खेमा करिब ६० रोपनीमा खेती गरिरहेका छौँ । अन्य स्थानहरुमा पनि ठूलो मात्रामा खेती गर्न सकिने क्षेत्रको बारेमा हामीले अध्ययन गरिरहेका छौँ । यो वर्षबाट पाल्पा जिल्लामा २ वटा डेमोन्स्ट्रेसन प्लट निर्माण गर्ने सोँचमा रहेका छौँ ।

खर्ज्याङ्मा हामीले टमाटर खेती गर्‍यौं, राम्रै भयो । अहिले काउली र सिमि खेती गरेका छौँ । आँपचौरमा क्याप्सीकम, काँक्रो उत्पादन गरेका छौँ भने पुर्खेमा टमाटर उत्पादन गरिरहेका छौँ ।

एकिकृत रुपमा जग्गाको विकास गर्ने र कृषकहरुलाई पनि एकिकृत रुपमा ठूलो क्षेत्रफलमा खेती गर्नको लागि हामीले पहल गरेका हौँ । ठूलो क्षेत्रमा उत्पादन गर्दा उत्पादन लागत घट्ने र रोगब्याधीको आक्रमण पनि सजिलैसँग निवारण गर्न सकिन्छ । एउटै जनशक्तिले धेरै काम गर्न पाउने भएकोले पनि यसको प्रभावकारिता बढेको छ । केन्द्रीकृत रुपमा काम गर्दा वन्यजन्तुको समेत समस्या समाधान हुने हुन्छ । किसानहरुलाई पनि फाइदा नै छ । ठूलो मात्रामा उत्पादन गर्दा पैँचो मात्रै होइन अन्य बजारका व्यक्तिहरुको सहभागिता र पहुँच हुन्छ । पैँचोले आफैँले खेती गरेर किसानहरुको अवमूल्यन गरेको भने हुँदै होइन । किसानको सम्मान गरेको हो ।

अहिले जग्गा टुक्रने र खण्डीकरण हुँदै गइरहने भएको छ । पहाडमा जग्गा बाँझिदै जाने अवस्था आएको छ । यस्तो अवस्थामा पहाडमा संभावना छ है, भन्ने उदाहरण दिनको लागि हामीले काम गरेर देखाउन खोजेका मात्रै हौँ । पैँचो र किसानबिचको सम्बन्ध कमजोर हुन सक्दैन । पैँचोका कारणले किसान होइन कि किसानका कारणले पैँचो स्थापना भएको छ ।

**» अझैँ धेरै किसानलाई व्यवसायिक खेतीमा लगाएर बजारसँग जोड्न कसरी सकिएला ?**

आयआर्जनमा जोड्नको लागि किसानले सबैभन्दा पहिले कृषकले बजारमा के बिक्छ र कहिले बिक्छ भन्ने कुरामा ध्यान राख्नुपर्दछ । सामान्यतया कृषि उत्पादन गर्दा बाली पात्रोको पालना गर्नु पर्दछ । कहिले रोप्ने र त्यसलाई बजारमा कहिले पुराउने भन्ने कुरामा ध्यान दिनुपर्छ । सिजनभन्दा केही दिन अगाडि उत्पादित सामग्री बजारमा पुराउन सकेमा सिजनको तुलनामा त्यसको भाउ बढी पाइन्छ । आयअर्जनमा जोडिन योजनाबद्ध तरिकाले जोडिनुपर्‍यो । वन्यजन्तुको समस्या छ भने वन्यजजन्तुले समस्या नपार्ने खालका खेतीहरु गर्नुपर्‍यो । कागती, अमिलो, भोगटे, खुर्सानी, बेसार, अम्रिसोलगायतको उत्पादन गर्दा वन्यजन्तुको समस्या कम हुने देखिन्छ ।

परम्परगता तरिकाले कृषि नगर्ने र जे उत्पादन गरे पनि ठूलो मात्रामा उत्पादन गर्ने गर्नुपर्दछ । यसो गर्दा क्षमता विकास हुन्छ । हरेक वर्ष बाली परिवर्तन नगर्ने गर्नुपर्दछ । एउटै खेती गरेमा त्यो खेतीमा आएको परिवर्तन तथा रोगको उपचारमा आफैँ परिपक्क हुन सकिन्छ । ठाउँ परिवर्तन गर्ने तर बाली परिवर्तन नगर्ने गुर्नपर्छ ।

# उद्योग संघका सदस्यलाई केबलकारमा ५० प्रतिशत छुट




बुटवल । रूपन्देही उद्योग संघ र लुम्बिनी केबलकारबिच रूपन्देही उद्योग संघका सकृय सदस्यहरूलाई केबलकारको टिकटमा सहुलियत दिने सम्झौता भएको छ ।

रूपन्देही उद्योग संघका तर्फबाट अध्यक्ष दिलिप सापकोटा तथा लुम्बिनी केबलकारको तर्फबाट अपरेशन म्यानेजर डिल्लीनारायण कायस्थबिच भएको संस्थागत सम्झौताअनुसार उद्योग संघको सकृय सदस्यहरूलाई नवीकरण भएको कार्डका आधारमा प्रतिटिकट ५ सय रुपैयाँमात्रै लिइने भएको छ ।

केबलकारले यो सहुलियत एक हजार दरको नर्मल टिकटमा ५० प्रतिशत छुट गरेर दिएको हो । सम्झौतापत्रमा दुवै पक्षले व्यवसायिक समझदारी कायम गर्दै आफ्ना उत्पादन र सेवाका वस्तुहरूको विज्ञापनमा साझेदारी बढाउने र यो समझदारी पहिलो चरणमा १ वर्षका लागि लागू हुने केबलकारका अपरेशन म्यानेजर कायस्थले बताए ।

लुम्बिनी केबलकारले रूपन्देहीको मात्र नभइ प्रदेशकै आर्थिक र पर्यटन विकासमा महत्वपूर्ण योगदान दिने भएकाले यसलाई दीगोरूपमा सफल सञ्चालन हुनुपर्छ भन्ने मान्यताअनुसार संस्थागत समझदारी गरिएको उद्योग संघका अध्यक्ष सापकोटाले बताए । केबलकार सञ्चालनमा आएपछि बुटवलको बजार केही मात्रामा भए पनि थप चलायमान भएको उनले जनाए ।

रूपन्देही उद्योग संघका अध्यक्षसहित पदाधिकारी र केबलकारका तर्फबाट विभागीय प्रमुखहरू रूपेश पौडेल र नवराज अधिकारीबिच सम्झौतापत्र आदानप्रदान भएको हो ।

आइएमइ ग्रुपको नेतृत्वमा स्थानीय समेतको लगानीमा गत वर्षदेखि सञ्चालनमा आएको लुम्बिनी केबलकार प्रदेशको पहिलो केबलकार हो । केबलकारले यस क्षेत्रका संघसंस्थाहरूसँग संस्थागत व्यवसायिक समझदारी गर्दै अगाडि बढेको छ ।

# पाल्पामा मनाइयो जनैपूर्णिमा



पाल्पा । रक्षाबन्धन तथा जनै पूर्णिमाको अवसरमा परम्परा संस्कृतिलाई जर्गेना गर्न पाल्पाका मठ मन्दिरमा मानिसहरूको भीडभाड देखिएको छ । हिन्दु धर्मावलम्बीहरूको जनै पूर्णिमाको ताकाधारी बाहुन क्षेत्रीहरूको जनै फेर्ने र अन्य समुदायमा रक्षाबन्धन बाँध्ने चलन रहेको छ । पाल्पामा ब्राह्मणले बिहानै नदी नाला, ताल तलैया, खोला, धारामा पुगी शुद्ध जलले स्नान गरी ऋषि तर्पणी गरेर मन्त्रद्वारा मन्त्रिएको जनै परिवर्तन गरी रक्षा कवजको रूपमा हात हातमा रक्षाबन्धन गरेका छन् ।

पाल्पाको विभिन्न मन्दिरमा पण्डित तथा भक्तजनहरूले आत्माको शुद्धिकरण तथा रक्षाको लागि मन्त्रहरूद्वारा शुद्ध बनाइएको धागोबाट हातको नाडीमा रक्षाबन्धन गरेका छन् । तानसेनवासी रक्षाबन्धनको लागि अमरनारायण मन्दिर, शिव मन्दिर, भगवती मन्दिरमा पुगेका छन् । सोमबार ब्राह्मण पण्डितहरू आ-आफ्नो जजमानको घर-घरमा पुगी रक्षा बन्धन गर्ने, जजमानले दक्षिणा तथा फलफूल दिने परम्परा रहेको छ ।

ज्वाईहरू सशुराल पुगी रक्षाबन्धन गरिदिने र भान्जाहरू आफ्नो मामा घरमा पुगी रक्षाबन्धन गर्ने परम्परा रहेको छ । यसैगरी तराई क्षेत्रमा दिदिबहिनीले आफ्ना दाजुभाइलाई रक्षाको लागि राखी बाधिदिने चलन रहेता पनि आजकल पहाडी क्षेत्रमा समेत यो प्रचलन बढ्दै गएको छ । पाल्पामा पनि आफ्ना दिदिबहिनीहरूले दाजुभाइलाई राखी बाधिदिएका छन् ।

नेपाल पाञ्चाङ्ग निर्णायक विकास समितिले भने सोमबार बिहानैदेखि पूजा पाठ तथा रक्षाबन्धन गर्न मिल्ने र राष्ट्रप्रमुखले मात्र दिउँसो १ बजेपछि रक्षाबन्धन गर्न मिल्ने सूचना सर्वसाधारणमा गरेपछि केही दिनदेखि अन्यौंल हटेको थियो ।

यसैगरी नेवारी समुदायमा विभिन्न १२ थरीका गेडा गुडी भिजाएर टुसा उमारी क्वाटी खाने परम्परा रहेको छ । क्वाटी खाएमा विभिन्न रोगहरू नलाग्ने र शरिमा रोग सँग लड्ने क्षमता बढाउने जनविश्वास रहेको छ ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com